


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

एउटै उद्देश्य, एउटै नारा
भ्रष्टाचारबाट छुटकारा,
हामी सबैको अभिभारा ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ९ गते सोमबार ❑ 22 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सभा, जुलुस र भीडभाड नगर्न स्वास्थ्य मन्त्रालयको आग्रह

**रासस**
**काठमाडौं, ८ चैत**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सभा, जुलुस र भीडभाड नगर्न सबैमा आग्रह गरेको छ।

छिमेकी मुलुक भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेपछि त्यसको असर नेपालमा पनि पर्न सक्ने भन्दै सतर्कता अपनाउन अनुरोध गरेको हो । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले आइतबार विज्ञप्ति जारी गर्दै भारतमा कोरोना भाइरस सङ्क्रमण बद्दो क्रममा रहेकाले नेपालमा पनि सङ्क्रमण बढ्न सक्ने भन्दै सचेत हुन आग्रह गरेका हुन् । सङ्क्रमित बढ्न सक्ने भएकाले सभा, गोष्ठी, जुलुस, र्‍याली, भेला, जमघट, सेमिनार, बैठक तथा भीडभाड हुने व्यावसायिक कार्यहरू नगर्न विज्ञप्तिमा उल्लेख छ । भौतिक दूरी कायम राख्न, मास्कको अनिवार्य प्रयोग गर्न, साबुनपानीले राम्रोसँग हात धुन, स्यानिटाइजरको प्रयोगलगायत मापदण्डको अनिवार्यरूपमा पालना गर्न मन्त्रालयले विज्ञप्तिमार्फत सबैमा अनुरोध गरेको छ। भारतमा पछिल्लो समय एकै दिन ४३ हजारभन्दा बढी व्यक्ति कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । नेपालमा विगत २४ घण्टामा ७७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या दुई लाख ७५ हजार ९०६ पुगेको छ। हालसम्म कोरोनाबाट तीन हजार १६ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

## संविधानमाथि भएको प्रहारप्रति अध्यक्ष दाहालद्वारा चिन्ता व्यक्त

**रासस**
**काठमाडौं, ८ चैत**

नेकपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली जनताले आफ्ना लागि बनाएको संविधानमाथि पछिल्ला दिनमा भएका प्रहारप्रति चिन्ता व्यक्त गरेका छन् ।

उनले भने, "नेपालको संविधानले सबै वर्ग तथा क्षेत्रको अधिकार पूर्ण रूपमा प्राप्त भएको छैन भनेर मैले 'नोट अफ डिसेन्ट' लेखेको तर सैद्धान्तिक र आधार भूत रूपमा यो संविधान नेपाली जनताको हितमा छ । त्यसकारण यसका विरुद्ध लगातार प्रहार भएको छ ।" ५६औँ अन्तर्राष्ट्रिय जाति भेद उन्मूलन दिवसका अवसर आयोजित कार्यक्रममा उनले माओवादी आन्दोनलले स्थापित गरेको समावेशी, समानुपातिक मान्यतालाई कसरी निस्तेज गर्न सकिन्छ भनेर देशभित्र र बाहिर अनेकन खालका षड्यन्त्र भइरहेको बताए। समावेशिता र समानुपातिक प्रतिनिधित्वलाई खारेज गराउने प्रयास भइरहेको भन्दै उहाँले गणतन्त्र, सङ्घीयता विरोधी तत्वले टाउको उठाउने प्रयास गरिरहेको उल्लेख गरे।

दलित, जनजाती, आदिवासी, महिलालगायत उत्पीडित समूहले प्राप्त गरेको अधिकारलाई समेत खण्डित गराउन खोजिएको भन्दै अध्यक्ष दाहालले त्यसविरुद्ध एकीकृत रूपमा प्रतिवाद गर्नुपर्नेमा जोड दिए । यतिखेर नेपालमा संविधानको रक्षा गर्न चाहने धारा र त्यसलाई खण्डित गर्दै जाने दुई वटा धार स्पष्ट भएको उल्लेख गर्दै अध्यक्ष दाहालले जनताको परिवर्तनको चाहनालाई सम्बोधन गर्नेले आफूलाई स्पष्ट रूपमा उभ्याउने विश्वास व्यक्त गरे । नेपालको कम्युनिष्ट आन्दोलनलाई थप बृहत बनाउन र नेपाली जनताको चाहनाअनुसार राजनीतिक स्थायित्वका आफूले नेकपा बनाएको र त्यो कुनै गल्ती नभएको उल्लेख गरे । पार्टीभित्र गलत प्रवृत्ति हावी भएपछि आफूले विद्रोह गरेर उत्पिडित वर्ग तथा समुदायको पक्षमा उभिएको अध्यक्ष दाहालको भनाइ छ । जनताको अधिकारका लागि आफूले कोही कसैसँग सम्झौता नगरेको, बरु इमान्दारीपूर्वक सङ्घर्षको मैदानमा उत्रिएको तथा जीवनभर सङ्घर्ष गर्ने दृढता प्रस्तुत गरे।

## मर्स्याङ्दीमा ट्रक खस्दा छ जनाको मृत्यु, दुई गम्भीर घाइते

**रासस**
**लमजुङ, ८ चैत**

लमजुङ बेँसीशहर-चोम सडकअन्तर्गत नासो गाउँपालिका-३ खोत्रोमा ट्रक खस्दा छ जनाको मृत्यु भएको छ।

लमजुङ बेँसीशहरबाट मनाङ जाँदै गरेको ध१ख ५९२ नंको ट्रक शनिबार यस सडकखण्डबाट ५० मिटर तल मर्स्याङ्दी नदीमा खस्दा छ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक ओमप्रकाश पुनले बताए । उनका अनुसार ट्रक टुर्घटना हुँदा घटनास्थलमै तीन जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा मनाङस्थित नासो गाउँपालिका-४ का ३५ वर्षीया मनिषा गुरुङ, सोही वडाका ३६ वर्षीय जलकाशी गुरुङ र सात वर्षीया लिउन गुरुङको मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यस्तै मनाङस्थित चामे गाउँपालिका-४ का २८ वर्षीया धनमान विक र लमजुङ मर्स्याङ्दी गाउँपालिका-५ घेर्मुका २१ वर्षीय लक्ष्मण नेपालीको लमजुङ बेँसीशहर नगरपालिका-८ मा रहेको जिल्ला अस्पतालमा उपचारका क्रममा शनिबार राति मृत्यु भएको प्रहरी निरीक्षक पुनको भनाइ छ।

त्यस्तै उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुर लगिएका तीनमध्ये नासो-१ का तीन वर्षीय थियोन गुरुङको शनिबार राति उपचारका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## आहा ! रारा गोल्ड कपमा चरक मेमोरियल हस्पिटलको पनि साथ

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

१९ औं संस्करणको आहा! रारा गोल्ड कप फुटबल प्रतियोगितालाई सफल पार्न पोखराको नागढुंगामा रहेको चरक मेमोरियल हस्पिटलले साथ दिने भएको छ।

हस्पिटलले उत्त प्रतियोगितामा सह–उपप्रयोजकको रुपमा सहारा क्लवसंग आइतबार सम्झौता गरेसंगै आहा रारा गोल्ड कपलाई साथ दिने भएको क्लवले जनाएको छ। क्लवका अध्यक्ष केशव बहादुर थापा, पुर्व अध्यक्ष विक्रम थकालीले हस्पिटलका प्रबन्ध निर्देशक कपिल पोखरेल र म्यानेजर प्रदिप शर्मा बिच आइतबार सम्झौता पत्रमा हस्ताक्षर भएको हो।

साथै हस्पिटलले केही दर्शकहरुलाई हस्पिटलको सेवामा २० प्रतिशत छुट दिने घोषणा समेत गरेको छ। क्वाटरफाइनल खेलमा पहिलो १५ जना, सेमिफाइनलको खेलमा पहिलो २० जना र फाइनलमा पहिलो टिकट काट्ने मध्य ३० जनालाई चरक मेमोरीयल हस्पिटलले २० प्रतिशत छुट दिने भएको क्लवले जनाएको छ।

पोखरा रंगशालामा यही चैत २१ गते देखि चैत २८ गतेसम्म आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ हुने भएको छ । प्रतियोगितामा विदेशी एक क्यामरुनको अफ्रिकन रुट एसोएसन, डउला, ६ वटा नेपालका ए डिभिजनका क्लव र आयोजक सहारा क्लव सहित ८ टोलीको सहभागिता रहेको छ।

"आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा रहेका १४ जिल्लाका २४ जना वालकहरुको भरणपोषणमा खर्च गर्दै आएको क्लवले जनाएको छ।

## पोखरामा हुने लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी वान नेपालको नवौं महाधिवेसनको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

यही चैत १४ गते पोखरामा हुने लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी वान नेपालको नवौं महाधिवेसन (कन्भेन्सन) को तयारी अन्तिम चरणमा पुगेको छ।

लायन्स क्लव अफ पोखरा माछापुच्छ्रे भिलेजको संयोजनमा हुने महाधिवेसनको तयारी अन्तिम चरणमा पुगेको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा नवौं डिष्ट्रिक्ट कन्भेन्सन, आयोजक समितिका कन्भेनर (संयोजक) शिवराज आचार्यले बताए।

नवौं कन्भेन्सनको अवसरमा विभिन्न कार्यक्रम समेत हुने भएको संयोजक आचार्यले जनाए। कार्यक्रमको पूर्व सन्ध्यामा काठमाण्डौंबाट पोखरासम्म कार र्‍याली हुने भएको उनले जनाए । त्यसै गरी पोखराका ९ वटा चोकमा सरसफाई हुने, चैत १४ गते पोखराको चिप्लेढुंगाबाट बाजागाँजा सहितको –याली समेत प्रदर्शन हुने भएको संयोजक आचार्यले बताए ।



साथै चैत १४ गते पोखरा प्रदर्शनी केन्द्रमा खुल्ला रत्तंदान कार्यक्रम समेत हुने भएको भिलेजका पूर्व अध्यक्ष शोभाकान्त पौडेलले बताए। पोखराको नयाँबजार स्थित प्रर्दशनीमा केन्द्रमा हुने उत्त महाधिवेसनमा १६ जिल्लाका करिब ४ हजार जना लायनहरु सहभागि हुने भएको क्लवले जनाएको छ । डिष्ट्रिक्ट गर्भनर मन बहादुर रोकाले लायन्स क्लवले विगतका बर्ष देखि नेपालमा सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान पुराउदै आएको दाबी गरे । आफुहरुले नेपालमा संकलन गरेको शुल्क भन्दा बढी रकम नेपालमा विभिन्न क्षेत्रमा सहयोग प्राप्त भएको उनको भनाई थियो । यस पटक कोरोनाले गर्दा प्रभावित भएको पोखराको पर्यटन क्षेत्रलाई थोरै भए पनि रहात हुने उद्धेश्यले पोखरामा उत्त महाधिवेसन गर्न लागिएको गर्भनर रोकाले बताए। भूकम्पको कारण प्रभावित भएका नेपालमा लायन्स क्लवले १८ वटा बिद्यालय निर्माणमा सहयोग गरेको उनले जनाए । त्यसै गरी क्लवले अढाउ अभियान अर्न्तगत (लायन्स शिक्षा कोष) बाट यस बर्ष ४ सय ९० जना बिद्यार्थीहरुलाई छात्राबृत्ति समेत वितरण गर्ने भएको पूर्व डिष्ट्रिक्ट गभर्नर धनराज आचार्यले बताए। उनका अनुसार २ सय ८० जना लायनका स्मृति तथा केहीको सम्मानमा स्थापना भएको उत्त कोषमा हाल २ करोड ६१ लाख रहेको छ। यस बर्ष करिब ३५ लाख बराबरको छात्रबृत्ति वितरण हुने भएको आचार्यले जनाए। न्यूनतम ५० हजार देखि ५ लाख ५५ हजारसम्मको अक्षयकोष स्थापना भएको बताएका पूर्व डिष्ट्रिक्ट गभर्नर आचार्यले बताए। ४ हजार ५ सय देखि ४५ हजारसम्मको छात्रबृत्ति वितरण गरीने भएको उनले जनाए।

नेपालमा अझै पनि ३६ प्रतिशत बालबालिकाहरु गरिबीको रेखा मुनि रहेकोले लायन्सले अढाउ अभियान संचालन गरेको आचार्यले जनाए । कन्भेन्सनका लागि डिष्ट्रिक्ट गभर्नरमा विशेश्वर आचार्य, फष्ट भाइस गभर्नरमा महेन्द्र पौडेल र सेकेण्ड भाइस गभर्नरमा मनिश्री रत्न बज्राचार्यको उमेदवारी परेको लायन्स क्लवले जनाएको छ । यसै सन्दर्भमा लायन्स अन्तराष्ट्रिय डाइरेक्टरका लागि बालकृष्ण बुर्लाकोटीले क्लवको सहकार्यमा उमेदवारी दिने भएका हुन्। उत्त कार्यक्रम सफल पार्न २८ वटा उपसमितिहरु समेत गठन गरिएको छ।

## राष्ट्रपतिको बङ्गलादेश भ्रमणमा तीन सम्झौता हुन्छ : प्रवक्ता गुरुङ

**रासस**
**काठमाडौं, ८ चैत**

राष्ट्रपति विद्यादेशी भण्डारी राजकीय भ्रमणमा बङ्गलादेशको राजधानी ढाकामा जाँदा त्यहाँ तीन समझदारीपत्रमा हस्ताक्षर हुने कार्यक्रम रहेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले बताए।


मन्त्रिपरिषद्का पछिल्ला चार बैठकको निर्णय सार्वजनिक गर्न आज सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता गुरुङले भ्रमणको सांस्कृतिक सम्बन्ध, पर्यटन क्षेत्र र कृषि तथा पशुपक्षीमा प्रयोग हुने विषादीका विषयमा छलफल हुने मन्त्री गुरुङले जानकारी दिए। त्योसँगै रेल, यातायात र बन्दरगाहालाई नेपालसँग जोड्ने विषयमा छलफल हुने उनले बताए । उनले भने, "बङ्गलादेशले नेपालमा बिजुली खरिद गर्न गरिरहेको पहलबारे पनि छलफल हुने विश्वास छ।"

स र का र ले नेपाल र बङ्गलादेशबीच हुने एउटा समझदारीमा हस्ताक्षर गर्न नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति सचिव दिनेश भट्टराईलाई अख्तियारी दिने निर्णय गरेको छ। मन्त्री गुरुङले पर्यटनसम्बन्धी समझदारीमा समेत हस्ताक्षर गरिने बताए। सरकारले चैत १० देखि १३ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने दिगो विकाससम्बन्धी आठौं एसिया-प्रशान्त मञ्च विषयक भर्चुअल कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा पुष्पराज कँडेल नेतृत्वको छ सदस्यीय प्रतिनिधिमण्डल मनोनयन गर्ने निर्णय गरेको छ। त्यस्तै, वैशाख १४ देखि १६ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने संयुक्त राष्ट्र सङ्घ, एशिया प्रशान्त आर्थिक सामाजिक परिषद्को ७७औँ सेशनमा नेपालको तर्फबाट भर्चुअल रूपमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा कँडेल नेतृत्वको ६ सदस्यीय प्रतिनिधिमण्डल मनोनयन गर्ने समेत निर्णय गरेको छ।

सरकारले जापान सरकारले उपलब्ध गराउने झण्डै रु एक अर्ब आठ करोड बराबरको नसर्ने रोगको निदान र उपचारमा प्रयोग हुने स्वास्थ्य उपकरण वस्तुगत अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको मन्त्री गुरुङले बताए । महाकाली लोकमार्गअन्तर्गत दार्चुला-टिंकर सडकको निर्माण तथा स्तरोन्नति गर्न कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लाअन्तर्गत विभिन्न सामुदायिक वनहरूको २५३ दशमलव ३६ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न अनुमति दिने निर्णय गरेको छ। त्यहाँ रहेका १९ हजार ६६ रुखपोलहरू हटाउन स्वीकृति दिइने भएको छ।

मन्त्रिपरिषद्को बैठकले ढुङ्गा, गिट्टी, बालुवाजस्ता साधारण निर्माणमुखी वस्तुहरूको उत्खनन्, सङ्कलन, बिक्री व्यवस्थापन तथा सोसँग सम्बन्धित विषयहरूको नियमनसम्बन्धी कानूनको मस्यौदा तयार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सैद्धान्तिक सहमति दिने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए । मकवानपुरको हेटौंडा उपमहानगरपालिकास्थित नेपाल ट्रष्टको जग्गा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वाग्मती प्रदेशलाई लिजमा दिन स्वीकृति दिने निर्णय भएको छ । सरकारले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको अध्यक्षमा अमरगढी विनोदकुमार जोशी र नेपाल टेलिभिजनको महाप्रबन्धकमा फूलमान बल (तामाङ) लाई नियुक्ति गर्ने निर्णय गरेको छ।

त्यस्तै, तत्कालीन पञ्चायती शासन व्यवस्था विरोधी आन्दोलनमा सहभागी भएको कारण सरकार पक्षबाट हत्या भएका झापा जिल्ला विर्तामोड नगरपालिका-९ का स्व चन्द्र डाँगी र बुद्धशान्ति गाउँपालिका-१ का स्व रामप्रसाद प्रधानलाई शहीद घोषणा गर्ने निर्णय भएको छ।



# गीताञ्जली साहित्य रत्न पुरस्कार प्रा.डा अधिकारीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

गीताञ्जली साहित्य परिवारले प्रदान गर्ने गीताञ्जली साहित्य रत्न पुरस्कार प्रा.डा नारायण अधिकारीलाई प्रदान गरिने भएको छ।



प्रतिभा छनौट समितिका संयोजक डाक्टर जगन्नाथ रेग्मीको अध्यक्षतामा बसेको वैठकले सो निर्णय गरेको हो। पुरस्कारको राशी ११ हजार ५ सय रुपैयाँ, सम्मानपत्र र दोसल्ला रहेको छ । त्यस्तै बाल साहित्य पुरस्कार दिपशिखा पौडेललाई र मुक्तकमणि राष्ट्रिय पुरस्कार शंकर ज्ञवालीलाई प्रदान गरिने निर्णय समेत गरिएको छ । हरेक वर्ष प्रदान गरिने तीन वटै पुरस्कार यस वर्ष चैत्र १४ गते विशेष समारोहको आयोजना गरी प्रदान गरिने गीताञ्जली साहित्य परिवारका अध्यक्ष शिवप्रसाद गौतमले जानकारी दिए।

डाक्टर जगन्नाथ रेग्मी संयोजक रहेको प्रतिभा छनौट समितिमा सदस्य पत्रकार दुर्गा अधिकारी र साहित्यकार रामनाथ अधिकारी सङ्गी रहेका थिए । गीताञ्जली साहित्य रत्न पुरस्कारबाट यसअघि डाक्टर कुसुमाकर न्यौपाने, कवि तेजनाथ घिमिरे, रुद्रबहादुर थापा मगर हितानी, तारा पाखे, शरण आसु लगायतका व्यक्तित्वहरु सम्मानित भईसक्नुभएका छन् । २०५८ सालमा स्थापित संस्थाले भाषा साहित्य संस्कृतिको जगेर्ना गर्दै बालबालिका युवायुवती, जेष्ठनागरिकलाई समेत आफ्नो साहित्यिक प्रतिभा प्रस्तुत गर्ने अवसर समान रुपले प्रदान गर्दै आएको छ । संस्थाले आफ्नो स्थापनादेखि अहिलेसम्म २२० औं साधना प्रभात नियमित रचनाबाचन गर्दै आएको छ।

# मर्स्याङ्दीमा ...

क्रममा मृत्यु भएको छ। गम्भीर घाइते दुईजना सोही ट्रक चालक तनहुँ भानु नगरपालिका-३ का २४ वर्षीय सुमन तामाङ र नासो-३ धारापानीका सात वर्षीय मेल गुरुङको उपचार भइरहेको प्रहरी निरीक्षक पुनले बताए। उनीहरू पाँच जनालाई नै उपचारका लागि शनिबार राति ८:३० बजेतिर जिल्ला अस्पताल लमजुङमा ल्याइएको प्रहरी निरीक्षक पुनले बताए । उपचारका क्रममा दुई जनाको जिल्ला अस्पताल लमजुङमा मृत्यु भएको र तीन जनाको उपचार हुन नसकेपछि उक्त अस्पतालमा सिफारिस गरिएको प्रहरी निरीक्षक पुनको भनाइ छ । जिल्ला अस्पताल लमजुङमा मृत्यु भएका दुई जनाको शव अस्पतालमा राखिएको छ । घाइते चालक तामाङको टाउकामा चोट लागेको छ भने सात वर्षीय गुरुङको नदेखिने गरी भित्री चोट लागेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सो ट्रकमा आठ जना सवार थिए।

# कोरोनाको असर पुष्प ब्यवसायमा

**मिना पौडेल**
**पोखरा, ८ चैत**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको असर पोखराको पूष्प व्यवसायमा पनि परेको व्यवसायीहरुले गुनासो गरेका छन्।

फ्लोरिकल्चर एशोसिएसन नेपाल फ्यान कास्कीको शनिवार पोखराको वेगनासमा आयोजित ११ औं वार्षिक साधारण सभाको अवसरमा वोल्ने व्यवसायीहरुले सो कुरा वताएका हुन्। गतचैत्र ११ गतेदेखि गरिएको लकडाउनले फूल व्यवसायीको रोजीरोटी ठप्प भएको उनीहरुले वताए । उनीहरुले कोरोना कहरका कारण व्यवसायीहरुका व्यक्तिगत र संस्थागत कार्यक्रममा पनि असर परेको बताए। कोरोना कहरमा व्यवसाय भन्दा ज्यान नै ठूलो भन्ने आशय व्यवसायीले बुझेको उनीहरुले वताए। अव कोरोनाको महामारी घट्दै गएको र वजार पनि सहज भएकोले संस्थागत गतिविधि बढ्दै जाने उनीहरुले वताए । कार्यक्रमको उद्घाटन गर्दै नेपाल पत्रकार महासंघ कास्कीका कार्यसमिति सदस्य एवं रेडियो सराङकोटका समाचार प्रमुख कमल पौडेल अथकले कोरोनाको



कहरले कसैलाई नछोडेको वताए। उनले अव कोरोना प्रति सचेत हुँदै आफ्नो दैनिकीलाई सुचारु गर्नुको विकल्प नभएको जिकिर गरे । नेपालमा पूष्प व्यवसायको भविश्य राम्रो रहेको वताउँदै उनले यसले व्यवसायीको आर्थिक रुपान्तरणमा उल्लेख्य भूमिका खेल्ने समेत टिप्पणी गरे।

फ्यान कास्कीका पूर्व अध्यक्ष दया कुमार द्वाले पुष्प व्यवसायीहरुका समस्या सरकारले सम्वोधन गर्नु पर्ने बताए। लगानीसँगै रोजगार सिर्जना गरेका व्यवसायीलाई सरकारको प्रोत्साहन आवश्यक भएको उनको भनाई छ । पोखरामा फूलको कारोवारको यकिन तथ्याङ्कन भएपनि करोडौंको कारोवार हुने गरेको उनले जानकारी दिए । फ्यान कास्कीका अध्यक्ष सीता माया रानाको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार मोहन प्रसाद शिवाकोटी, उपाध्यक्ष दिलवहादुर गुरुङले वोलेका थिए । सो अवसरमा सचिव श्रीराम सुवेदीले सचिवको प्रतिवेदन र कोषाध्यक्ष गोविन्द सापकोटाले पेश गरेको कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित भएको छ। साधारण सभाले निकट भविश्यमा पोखरामा पूष्प मेला गर्ने, व्यवसायीलाई तालिम दिने, र व्यवसायिक अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय समेत पारित गरेको छ। पोखरामा करिव ४० जना व्यवसायीहरुले फूल खेती गर्दै आएका छन्। यो खेतीवाट थुप्रैले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी भएको फ्यान कास्कीले जानकारी दिएको छ।

# खुल्ला फुटसल प्रतियोगिताको तयारी अन्तिम चरणमा

**विनय पौडेल**
**पोखरा, ८ चैत**

राजन ब्रदरहुड र स्पोर्टस् क्यासल प्रालिद्वारा पोखरामा आयोजना हुने प्रथम खुल्ला फुटसल प्रतियोगिताको तयारी अन्तिम चरण्मा पुगेको छ।

'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारा सहित पोखरा महानगरपालिका ४ गणेशटोल स्थित स्पोर्टस् क्यासलमा चैत्र १० देखि १२ गते सम्म आयोजना हुने 'प्रथम राजन खुल्ला फुटसल प्रतियोगिता २०७७' को सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको खेल संयोजक आशिस क्षेत्रीले जानकारी दिए।

उनका अुनसार नेपालकै सर्वाधिक उपाधि राशिको प्रतियोगितामा नेपालका विभिन्न जिल्लाका क्लबहरुले टिम दर्ता गरेको बताए । उनले काठमाडौंका १० बढि टोलीले टिम दर्ता गरिसकेको बताउदै पोखरेली क्लबहरुले पनि टिम दर्ता गराईरहेको बताए। फुटबलसँगै फुटसलको विकास गर्ने उद्देश्य सहित आयोजना हुन लागेको सो प्रतियोगितामा स्तरिय खेलाडीहरुले सहभागिता जनाउने बताउदै पोखरेली उदीयमान खेलाडीहरु समेत प्रतिस्पर्धामा उत्रने उनले बताए । संयोजक क्षेत्रीका अनुसार उक्त प्रतियोगिताको सबै खेलहरु फुटसल फिफा रेफ्री माया लामाले खेलाउनेछन् । सो प्रतियोगिताको विजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु ३ लाख प्रदान गरिनेछ । त्यस्तै उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५० हजार प्राप्त गर्नेछ। यसैगरी प्रतियोगिताबाट सर्बोत्कृष्ट बन्ने खेलाडीलाई नगद रु २५ हजारबाट पुरस्कृत गरिनेछ। भने विधागत तर्फ उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही १० हजार प्रदान गरिनेछ । सो प्रतियोगिताको क्वाटरफाईनल खेलबाट म्यान अफ द म्याचको आकर्षक ट्रफीद्वारा खेलाडीलाई पुरस्कृत समेत गरिनेछ । प्रतियोगिताको अवधिमा पोखरा क्षेत्रका पूर्व राष्ट्रिय फुटबल खेलाडी र ए डिभिजनका खेलाडीहरुलाई फुटबलको विकासमा योगदानको कदर गर्दै सम्मान समेत गरिने समेत आयोजकले जनाएको छ।

# 'सय वर्ष पुगेपछि बल्ल परिचयपत्र पाएँ'

**पोखरापत्र संवाददाता**
**दमौली, ८ चैत**

तनहुँको आँबुखैरेनी गाउँपालिकाले ज्येष्ठ नागरिक परिचयपत्र वितरण शुरु गरेको छ। गाउँपालिकाले वडास्तरबाटै ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण शुरु गरेको हो।

आँबुखैरेनी गाउँपालिका-१ सत्रसयस्थित वडा कार्यालयमा आज १०० वर्षीया मनकुमारी लामिछानेलाई गाउँपालिकाका उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले परिचयपत्र प्रदान गर्नुभयो । विसं १९७६ पुस ५ गते जन्मिनुभएकी लामिछानेले पहिलो पटक ज्येष्ठ नागरिक परिचयपत्र पाउँदा खुशी लागेको बताउनुभयो।

"एक सय वर्ष पुगेपछि बल्ल परिचयपत्र पाएँ, अब पाउनुपर्ने अन्य सुविधा पनि पाउने आशा जाग्यो", लामिछानेले भन्नुभयो । गाउँपालिकाले वडा वडाबाटै परिचयपत्र वितरण गरिदिँदा आफूहरूलाई सहज भएको उहाँले बताउनुभयो। "यो अवस्थामा गाउँपालिकासम्म गएर परिचयपत्र लिन परेको भए समस्या हुन्थ्यो", उहाँले भन्नुभयो, "घरआँगनमै परिचयपत्र पाउँदा एकदमै खुशी छु।"

परिचयपत्र वितरण कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष श्रेष्ठले ज्येष्ठ नागरिकलाई सबैले सम्मान गर्नुपर्ने बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलले सबै वडा कार्यालयबाट ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिने जानकारी दिँदै परिचयपत्र वितरणपछि ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक ऐन बमोजिमका छुट तथा सुविधा प्राप्त गर्ने बताउनुभयो। पोखेलका अनुसार गाउँपालिकाका ६ वटै



वडामा करिब एक हजार ४०० बढी ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिनेछ।

चैत ९ गते आँबुखैरेनी गाउँपालिका-२ र ३ को वडा कार्यालयबाट परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको गाउँपालिकाका सूचना अधिकारी शिखरलाल डोटेलले जानकारी दिनुभयो। वडा नं ४, ५ र ६ मा भने परिचयपत्र वितरणका लागि पछि मिति तोकिनेछ।

# नेवा: मिसा पुच तेर्सापट्टीको चौंथो अधिवेशन तथा नेपाल भाषा प्रशिक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

नेवाः मिसा पुच वडा नं. ३ को चौंथो अधिवेशन तथा नेपाल भाषा प्रशिक्षण पहिलो चरण समापन कार्यक्रम पुचका अध्यक्ष रजनी श्रेष्ठको अध्यक्षतामा भएको छ।

कार्यक्रममा प्रमुख अतिथि नेवाः मिसा पुच कास्की जिल्ला अध्यक्ष मेनका श्रेष्ठ, विशेष अतिथि पो.म.न.पा. वडा नं. ३ का अध्यक्ष रविन्द्र बहादुर प्रजु, नेवा देय् दबू गण्डकी प्रदेशका महासचिव एवं भाषा प्रशिक्षक विष्णु शंकर ख्वाउँजू, पोखरा भिन्तुना पत्रिकाका सम्पादक उदय बहादुर अमात्य, नेवाः मिसा पुच तेर्सापट्टीका पूर्व अध्यक्ष सरस्वती ताम्राकार र वडा सदस्य लक्ष्मी पराजुलीले शुभकामना मन्तव्य राखेका थिए भने विद्यार्थी पार्वती पौडेल र देव बहादुर सुनारले भाषा प्रशिक्षणको विषयमा बोलेका थिए।

उक्त अधिवेशनबाट अध्यक्षमा भार्गवी राजभण्डारी उपाध्यक्षमा सुमन कतिला सचिवमा ज्योती प्रजू, सहसचिवमा चन्द्रकेसरी प्रधानाङ्ग, कोषाध्यक्ष रुकु शाक्य, सदस्यहरुमा सृजना श्रेष्ठ, राममाया द्वा, लक्ष्मी ताम्राकार, मिरा उदाश, जननी मैया द्वा निर्विरोध निर्वाचित भएका थिए।


## हार्दिक बधाई एवम् शुभकामना

नेवाः मिसा पुच वडा नं. ३ को चौंथो अधिवेशनबाट अध्यक्ष पदमा भार्गवी राजभण्डारी, उपाध्यक्षमा सुमन कतिला, सचिवमा ज्योती प्रजु, सहसचिवमा चन्द्रकेसरी प्रधानाङ्ग, कोषाध्यक्ष रुकु शाक्य एवम् सदस्यहरुमा सृजना श्रेष्ठ, राममाया द्वा, लक्ष्मी ताम्राकार, मिरा उदाश, जननी मैया द्वा निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँहरुको सफल कार्यकालको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं।

सरस्वती तम्राकार — पूर्व अध्यक्ष
तथा
रजनी श्रेष्ठ — अध्यक्ष

**नेवाः मिसा पुच परिवार**
**तेर्सापट्टी पोखरा-३**





## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

## सम्पादकीय

# संक्रमण बढ्न नदिने उपाय खोज

कोभिड-१९ विरुद्धको खोप अभियान चले पनि भारतमा कोरोना संक्रमण फेरि बढ्न थालेको छ। छिमेकी मुलुक भारतमा कोरोना संक्रमण बढ्न थालेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सतर्कता अपनाउन आग्रह गरेको छ। तीन महिना कोरोना संक्रमण घट्दै गएको बेला फेरि संक्रमण बढ्ने आशंका थपिएको छ। भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको बिहीबारको तथ्यांकअनुसार पछिल्लो २४ घण्टामा ३५ हजार ८७१ नयाँ संक्रमित थपिएका छन्। दैनिक संक्रमितको संख्यामा तीन महिनायताकै उच्च रहेको आँकडा सार्वजनिक भएको छ। पछिल्लो आँकडाले एक वर्ष अघिको अवस्था संझनु पर्ने भएको छ। आठ दिनयता हरेक दिन २० हजारभन्दा बढी संक्रमित थपिइरहेका छन्। छिमेकी मुलुक भारतले संक्रमण बढ्न नदिन अपनाएको तरिकाले मात्र पुग्ने छैन।

नेपालले भारतले नियन्त्रणको लागि अपनाएका विधिका राम्रा पक्ष लिनुपर्छ। भारतमा कुल संक्रमितको संख्या १ करोड १४ लाख ७४ हजार नाघेको छ। तीमध्ये १ करोड १० लाख ६३ हजारभन्दा बढी निको भइसकेका छन्। सक्रिय संक्रमितको संख्या २ लाख ५२ हजार २ सय ६४ छ। पछिल्लो २४ घण्टामा कोरोनाले १७२ जनाको मृत्यु भएको छ। बिहीबार बिहानसम्म भारतमा कोरोनाले मृत्यु हुनेको संख्या १ लाख ५९ हजार २१६ पुगेको छ। केही दिनयता संक्रमितको संख्यामा भइरहेको वृद्धिलाई विज्ञहरूले संक्रमणको अर्को लहर हुन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन्। विशेष गरी महाराष्ट्र, कर्नाटक, केरला, पन्जाब, गुजरातलगायत राज्यमा संक्रमण बढ्न थालेको छ। महाराष्ट्रलगायत केही राज्यले विभिन्न स्थानमा लकडाउन र रात्रिकालीन कर्फ्यु आदेश जारी गरिसकेका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार मात्र बढ्दो संक्रमण र खोप अभियानको प्रगतिको समीक्षा गर्न मुख्यमन्त्रीहरूसँग भिडियो कन्फरेन्समार्फत छलफल गरेका थिए। उक्त छलफलमा मोदीले कोरोना संक्रमणको अर्को लहरलाई समयमै रोक्नका लागि खोप अभियानलाई तीव्रता दिन मुख्यमन्त्रीहरूलाई भनेका थिए। भारतमा बुधबारसम्म ३ करोड ७१ लाख ४३ हजारभन्दा बढीले खोप लगाएका छन्। यहाँ माघ ३ गतेदेखि खोप अभियान सुरु गरिएको हो। पहिलो चरणमा तीन करोड स्वास्थ्यकर्मी तथा कोभिड महामारीविरुद्ध अग्रमोर्चामा खटिएकाहरूलाई खोप लगाउने लक्ष्य राखिएको थियो। त्यसपछि १ मार्चदेखि दोस्रो चरणको खोप अभियान सुरु गरिएको हो। भारत सरकारले जुलाई महिनासम्म २७ करोडलाई खोप लगाउने लक्ष्य राखेको छ। संक्रमितको संख्या बढेपछि सरकारले नेपालमा पनि स्वास्थ्य सुरक्षा सतर्कता बढाउन आग्रह गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी भारतमा कोरोनाभाइरस संक्रमण बढ्दो क्रममा रहेकाले नेपालमा पनि संक्रमण बढ्न सक्ने भन्दै सचेत हुन आग्रह गरेको छ।

खुला सिमानाका कारण भारतमा हुने गतिविधिको नेपालमा असर पुग्छा स्वास्थ्य मन्त्रालयले नेपालमा समेत संक्रमण बढ्न सक्ने भएकाले सभा, गोष्ठी, जुलुस, र्‍याली, भेला, जमघट, सेमिनार, बैठक, भीडभाड हुने व्यावसायिक कार्यहरु नगर्न आग्रह गरेको छ। प्रवक्ता डा. जागेश्वर गौतमले विज्ञप्ति निकालेर सामाजिक/भौतिक दूरी, मास्कको अनिवार्य प्रयोग तथा साबुनपानीले राम्रोसँग हात धुने, स्यानिटाइजरको प्रयोगलगायत जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गरेका छन्। केही कमी आउने बित्तिकै स्वास्थ्य मापदण्ड अपनाउन आनाकानी गर्ने बानी छाडेर स्वास्थ्य मापदण्ड पालना गर्नु सबैभन्दा संक्रमण नियन्त्रणको बाटो हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : आर्थिक समस्या |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : मन चञ्चल | मकर | : झमेला बढ्ने |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शारिरीक झमेला | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# ला ग्राण्डी कलेजमा वार्षिक खेलकुद कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

पोखराको सिमलचौरमा अवस्थित ला ग्राण्डी ईन्टरनेशनल कलेजमा वि.सि.ए., वि.वि.ए.तथा वि.पि.एच. कार्यक्रमहरुका विभिन्न सेमेष्टरहरुमा अध्ययनरत विद्यार्थीहरु बीच वार्षिक खेलकुद कार्यक्रम आयोजना भएको छ।



उक्त कार्यक्रम यहि चैत्र ४ गते बुधबार बाट ७ गते शनिबार सम्म सञ्चालन भएको थियो। कलेजका प्रिन्सिपल ई. किरण केसीले रेफ्रिलाई बल हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा छात्रा तथा छात्र तर्फ फुटसल, भलिबल, बास्केटवल, ब्याडमिण्टन, टेवलटेनिस र चेस खेलहरु संलग्न थिए। कार्यक्रमको पहिलो दिन ४ गते बुधबार फुटसलका खेलहरु भएका थिए। उक्त फुटसल प्रतियोगितामा छात्रतर्फ वि.वि.ए. आठौँ सेमेष्टरका विद्यार्थीहरु प्रथम स्थान हासिल गर्न सफल भए भने द्वितीय स्थान वि.वि.ए. संकायको दोस्रो सेमेष्टरका विद्यार्थीहरुको समूहले जित्यो। त्यसैगरी उक्त फुटसल प्रतियोगितामा म्यान अफ दि म्याच अतित गुरुङ्ग तथा सर्वाधिक स्कोरर साईमन गुरुङ्ग तथा वेष्ट किपर अनमोल गुरुङ्ग बन्न सफल भए।

साथै, छात्रा तर्फ भएको फुटसल प्रतियोगितामा वि.पि.एच. संकायका विद्यार्थीहरुले प्रथम स्थान सुरक्षित गरे भने द्वितीय स्थान वि.वि.ए. आठौँ सेमेष्टरका विद्यार्थीहरुले हासिल गरे। साथै वि.पि.एच. संकायका सम्झना पौडेल वेष्ट प्लेयर घोषितहुन सफल भईन्। त्यसैगरि व्याडमिण्टन छात्र खेल तर्फ वि.वि.ए. आठौँ सेमेष्टरका विद्यार्थीहरु अनमोल गुरुङ्ग र अतित गुरुङ्गको जोडी प्रथम स्थान हासिल गर्न सफल भए भने द्वितीय स्थान वि.वि.ए. छैठौँ सेमेष्टरका विद्यार्थीहरु विश्व अधिकारी. र दिक्षांत पौडेलको जोडीले प्राप्त गर्‍यो। त्यसैगरि व्याडमिण्टन छात्रा खेल तर्फ वि.सि.ए. चौँथो सेमेष्टरका विद्यार्थीहरु आश्था श्रेष्ठ र सम्झानाको जोडी प्रथम स्थान हासिल गर्न सफल भए भने द्वितीय स्थान वि.वि.ए. आठौँ सेमेष्टरका विद्यार्थीहरु शुसीला गुरुङ्ग र कुसुमको जोडीले प्राप्त गर्‍यो। त्यसैगरि बास्केटबल छात्र खेल तर्फ वि.वि.ए. छैठौँ सेमेष्टरका विद्यार्थीहरु प्रथम स्थान तथा द्वितीय स्थान वि.वि.ए. चौँथो सेमेष्टरका विद्यार्थीहरु भएका थिए। त्यसैगरी उक्त खेलमा वेष्ट प्लेयर डेबिड गुरुङ्ग तथा सरोज नेपालीले सर्वाधिक स्कोर गर्न सफल भए।

साथै, छात्रा तर्फ भएको बास्केटबल खेलमा वि.वि.ए. आठौँ समेष्टरका विद्यार्थीहरुले प्रथम स्थान सुरक्षित गरे भने द्वितीय स्थानमा वि.वि.ए. चौंथो सेमेष्टरकै विद्यार्थीहरुले हासिल गरे। साथै वि.वि.ए. आठौँ सेमेष्टरका छात्रा सुशीला गुरुङ्ग वेष्ट प्लेयर तथा वि.वि.ए. चौंथो सेमेष्टरका छात्रा कसिस गुरुङ्ग सर्वाधिक स्कोरर हुन सफल भईन्। त्यसै गरी टेबलटेनिस छात्रा खेलतर्फ वि.सि.ए. दोस्रो सेमेष्टरका विद्यार्थीद्वय आश्था श्रेष्ठ र सिम्रन शिल्पकारको जोडी प्रथम स्थान हासिल गर्न सफल भए भने द्वितीय स्थान वि.वि.ए. आठौँ सेमेष्टरका विद्यार्थी शुसीला गुरुङ्ग र टेरिसा गुरुङ्गको जोडीले हासिल गर्न सफल भए।

त्यसैगरी टेबलटेनिस छात्र खेलतर्फ वि.वि.ए. आठौँ सेमेष्टरका विद्यार्थीद्वय अनमोल गुरुङ्गको जोडी प्रथम स्थान हासिल गर्न सफल भए भने द्वितीय स्थान वि.वि.ए. चौथो सेमेष्टरका विद्यार्थीहरु कुशल देवकोटा र आषिश क्षेत्रीले पाउन सफल भए।

त्यसै गरी चेश खेलतर्फ वि.वि.ए. दोस्रो सेमेष्टरका विद्यार्थी आशिष पौडेल प्रथम स्थान हासिल गर्न सफल भए भने द्वितीय स्थान वि.सि.ए. छैठौँ सेमेष्टरका विद्यार्थी आशिष बराललले हासिल गर्न सफल भए। समापन कार्यक्रममा सम्पूर्ण विजेता, उप-विजेता, सर्वाधिक स्कोरर तथा वेष्ट प्लेयरहरुलाई पुरस्कार, मेडल, ट्रफी तथा प्रमाण-पत्र प्रदान गरिएको थियो। स्वास्थ्य जीवन नै सफलताको सुत्र हो त्यसैले प्रत्येक विद्यार्थी खेलकुदमा सहभागी हनुपर्ने भन्दै कलेजका प्रिन्सिपल ई. किरण केसीले पुरस्कार तथा प्रमाण-पत्र वितरण समारोहमा आफनो मन्तव्य राख्नु भएको थियो। साथै, कलेजका निर्देशक, ई. शिवराज बरालले खेलले विद्यार्थीहरुको सर्वागिण विकास गर्ने भएकोले सहभागि सवैलाई धन्यवाद दिदै कलेजले यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिने बताउनु भयो।

न्यू बेजनेश ऐजद्धारा नेपालकै सर्वोकृष्ट दश तथा गण्डकी प्रदेशको सर्वोकृष्ट विजनेश कलेजको पुरस्कार हात पार्न सफल उक्त कलेजमा हाल तीनै वटा संकायमा करिब ६०० विद्यार्थी अध्ययनरत रहेको खेलकुद कार्यक्रमका संयोजक एवं कलेजका प्रशासन विभाग प्रमुख ज्ञानेन्द्र पौडेलले बताउनु भयो।

# 'मौरिज हर्गोज' पदमार्ग प्रयोग गरेर आरोही अन्नपूर्ण आधार शिविर जान थाले

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ चैत**

म्याग्दीको 'मौरिज हर्गोज' पदमार्ग प्रयोग गरेर पर्वतारोहीहरू आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहणका लागि जान थालेका छन्। म्याग्दीको नारच्याङ हुँदै अन्नपूर्ण आधार शिविर जोड्ने हर्गोज पदमार्गको प्रयोग गरेर नेपाली पर्वतारोही पूर्णिमा श्रेष्ठको टोली आज आधार शिविरतर्फ लागेको हो। हिमाल आरोहणका लागि आधार शिविरतर्फ जान लागेको पत्रकारसमेत रहेकी श्रेष्ठको टोलीलाई अन्नपूर्ण गाउँपालिकाले शनिबार सम्मानसहित बिदाइ गरेको छ।

गाउँपालिकाका अध्यक्ष डमबहादुर पुन, वडाध्यक्ष कृष्णप्रसाद बरुवाल, लेखा अधिकृत जय सुवेदीलगायतले बिदाइ गर्नुभएको थियो। यसअघि शुक्रबार गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सो टोलीलाई बिदाइ गर्नुभएको थियो। कोरोनापछि र नारच्याङ हुँदै 'मौरिज हर्गोज' पदमार्ग भएर अन्नपूर्ण आरोहणका लागि जाने यो पहिलो टोली हो। सेभेन समिट ट्रेकमार्फत आरोहण गर्न लागेको यो टोलीमा अन्य १६ जना विदेशी आरोही छन्। जोखिमयुक्त 'मौरिज हर्गोज' पदमार्गमार्फत गरिने अन्नपूर्ण आरोहणको प्रचारप्रसारका लागि एक वर्षअघि बनाएको योजना कोरोनाले रोकिएको र अहिले त्यसलाई सफल पार्न लागेको आरोही श्रेष्ठले बताउनुभयो। पेम्बा शेर्पा यो आरोहण समूहको शेर्पा रहनुभएको छ। कारोबार आर्थिक दैनिकमा कार्यरत गोरखा आरुघाटकी पूर्णिमाले यसअघि सन २०१८ मा सगरमाथा, २०१७ मा मनास्लु र २०१९ मा आमाडब्लम हिमालको आरोहण गर्नुभएको थियो। करिब एक महिना आधार शिविर क्षेत्रमा रहने टोलीले जनाएको छ।

फ्रान्सेली नागरिक मौरिस हर्गोजले सन १९५० जुन ३ तारिखका दिन अन्नपूर्ण प्रथम हिमालको पहिलो पटक आरोहण गर्नुभएको थियो। अन्नपूर्ण आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेको जेठो हिमाल हो। मौरिसले आरोहण गरेको ७० वर्षपछि नारच्याङ हुँदै आधार शिविर जोड्ने पदमार्ग पहिचान भएको छ। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष पुनले आरोही टोलीलाई व्यक्तिगतरूपमा रु एक लाख र गाउँपालिकाबाट रु चार लाख बजेट उपलब्ध गराएको बताउनुभयो। गत वर्ष नारच्याङमा प्रथम अन्नपूर्ण पर्यटन महोत्सव आयोजना गरेको गाउँपालिकाले मौरिज हर्गोज पदमार्ग नामकरण, नक्साङ्कन, पूर्वाधार निर्माण र प्रवर्द्धन शुरु गरेको अध्यक्ष पुनले बताउनुभयो। 'अन्नपूर्ण पहिलो' आरोहणको ७० वर्ष पुग्दा पनि त्यसको सफल आरोहण गर्नेको सङ्ख्या असाध्यै कम छ। जोखिमपूर्ण र कठिन भएकाले आरोहण गर्नेको सङ्ख्या कम भएको हो। नेपाली महिलाहरू त यसको चुचुरोमा पुगेकै छैनन्। गण्डकी प्रदेश सरकारले पूर्णिमाको आरोहण टोलीलाई रु आठ लाख आर्थिक सहयोग गरेको छ। सफलतासँगै पूर्णिमाको नाममा अन्नपूर्णको पहिलो महिला सफल आरोहीको कीर्तिमान रहनेछ। गण्डकीमा आठ हजार मिटरभन्दा अग्ला अन्नपूर्ण, धौलागिरि र मनास्लु हिमाल छन्।


**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# चमेरे गुफामा आन्तरिक पर्यटक

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ चैत**

कोरोना महामारीमा थला पर्‍यो पर्यटन क्षेत्र। पर्यटक नै घरमा थन्किएपछि पर्यटकीय क्षेत्रमा झारपातको राज थियो। दुबो पलाउन थालेको थियो, ससाना बिरुवाले मुना हाल्दै थिए।

बडीगाड गाउँपालिका-५ मा रहेको चमेरे गुफाले पनि कोरोना महामारीको मार व्यहोर्‍यो। लामो समय पर्यटक नदेखिएको गुफामा झण्डै एक वर्षको अन्तरालपछि अहिले भने केही पर्यटक देखिन थालेका छन्।

वडा नं ५ को ग्वालीचौरस्थित सो गुफाको नाम 'करुण चमेरे गुफा' राखेर पर्यटकीय गन्तव्य बनाउने गरी अभियान थालिएको थियो। गाउँपालिकाले समुद्री सतहदेखि एक हजार ५३१ मिटरको उचाइमा रहेको गुफा वरपर भौतिक पूर्वाधार विकास गरिरहेको छ। गुफा परिसरमा पूर्वाधार निर्माणसँगै घुम्न आउने आन्तरिक पर्यटक बढेका छन्। गुफाभित्र विभिन्न प्रजातिका चमेरा रहेकाले गुफाको नाम चमेरे गुफा राखिएको वडाध्यक्ष अर्जुन खरेलले बताउनुभयो। उहाँले गुफामा चार प्रजातिका चमेरा पाइने बताउनुभयो। एक सय ५० मिटरभन्दा लामो यो गुफा पछिल्लो पटक भएका केही प्रचार र प्रयासले चर्चामा आउन थालेको छ। कोरोना महामारीपछि यो गुफामा बिस्तारै आन्तरिक पर्यटक देखिन थालेका छन्।

लामो प्राकृतिक गुफा र त्यहाँभित्र रहेका मनोरम दृष्यले पर्यटकको मन लोभ्याउने गरेको छ। मध्यपहाडी लोकमार्ग नजिकै रहेकाले सो गुफा गाउँपालिकाको पर्यटनको मुख्य आधार हो। चमेरे गुफाका लागि गाउँपालिकाले रु ४० लाख खर्चेको थियो। त्यसको उपलब्धि विस्तारै देखिन थालेको गाउँपालिका अध्यक्ष मेहरसिंह पाइजा बताउनुभयो।

पछिल्लोपटक चमेरे गुफामा गण्डकी प्रदेश सरकारको समेत आँखा पुगेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पूर्वाधार बनाउन भनेर रु २० लाख लगानी गरेको छ।

# 'तनहुँसुर पर्यटन तथा वातावरण मेला' वैशाखमा

**पोखरापत्र संवाददाता**
**दमौली, ८ चैत**

पुरातात्विक सम्पदालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यसहित नयाँ वर्षको अवसरमा व्यास-११ स्थित तनहुँसुरमा पर्यटन सम्पदा तथा वातावरण मेला गरिने भएको छ।

तनहुँसुर क्षेत्रलाई धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं जैविक विविधतायुक्त पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै स्थानीय समुदायलाई प्रोत्साहन गर्न आगामी वैशाख ५ देखि ७ गतेसम्म पर्यटन तथा वातावरण मेला हुन लागेको हो। तनहुँसुर देवस्थल सामुदायिक होमस्टे र तनहुँसुर सामुदायिक होमस्टेको आयोजना तथा विभिन्न सामुदायिक वन उपभोक्ता समितिको सहआयोजनामा मेला गर्न लागिएको आज दमौलीमा यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

तनहुँसुर दरबार परिसरअन्तर्गतका पुरातात्विक सम्पदाका साथै वातावरण संरक्षण एवं प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि गर्न, हाल सञ्चालनमा रहेका र सञ्चालन उन्मुख घरबासको प्रवर्द्धन गरी आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा उल्लेख्य वृद्धि गर्दै स्थानीय समुदायको समृद्धिका लागि टेवा पुर्‍याउने मेलाको मुख्य उद्देश्य रहेको मूल आयोजक समितिका अध्यक्ष एवं वडाध्यक्ष नीरबहादुर खड्काले जानकारी दिनुभयो।

मेलामा स्वदेशी तथा विदेशी पर्यटक, उद्योग, व्यवसायी, कृषक, पत्रकार, साहित्यकार, विद्यार्थी एवं शिक्षक तथा खोजकर्ताका साथै विभिन्न पेशामा आवद्ध व्यक्ति गरी ५० हजारले अवलोकन गर्ने अनुमान रहेको सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरुङले जानकारी दिनुभयो।

# उद्योग वाणिज्य सङ्घको अधिवेशन तय

**पोखरापत्र संवाददाता**
**दमौली, ८ चैत**

तनहुँ उद्योग वाणिज्य सङ्घको अधिवेशन आगामी वैशाख ४ गते हुने भएको छ।

सङ्घको शनिबार सम्पन्न बैठकले १६औँ अधिवेशनको मिति तय गरेको हो। सङ्घको ३५औँ साधारणसभा भने चैत ३१ गते तोकिएको महासचिव इमकुमार मल्लले जानकारी दिनुभयो।

बैठकले विभिन्न बजार एकाइको अधिवेशनको मितिसमेत तय गरेको छ। दमौली बजार एकाइको अधिवेशन चैत २० र २१ गते हुनेछ। बैठकले सातवटा बजार एकाइको अधिवेशन चैत २५ गतेभित्र सम्पन्न गरिसक्ने निर्णय गरेको छ।

यसैगरी तनहुँको व्यास नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालित विद्यालयमा नयाँ व्यवस्थापन समिति गठन प्रक्रिया अगाडि बढाएको छ। नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा व्यवस्थापन समितिको तीनवर्षे कार्यकाल समाप्त हुन लागेकाले नयाँ समिति गठनका लागि प्रक्रिया अगाडि बढाइएको नगर शिक्षा अधिकारी नगेन्द्रप्रसाद रेग्मीले जानकारी दिनुभयो।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिकाद्धारा पोखरा महानगरपालिका वडा नं. १७, दोभिल्लामा निर्माण तथा संचालनका लागि प्रस्तावित आधुनिक बधशालाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धित सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७७/१२/१० गते मंगलबारका दिन बिहान ८:३० बजे प्रस्तावित बधशाला स्थलमा सरोकारवालाहरुको उपस्तिथीमा हुन गइरहेको हुँदा हजुरहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**
**पोखरा महानगरपालिका**

# तनहुँ र लमजुङमा विवेकशील साझा पार्टीको जिल्ला समिति घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

विवेकशील साझा पार्टी गण्डकी प्रदेशले तनहुँ र लमजुङमा जिल्ला समिति घोषणा गरेको छ।

शनिबार दमौली बजारमा एक भेलाको आयोजना गरी सामाजिक अभियानकर्मी सागर घिमिरेको संयोजकत्वमा १४ सदस्यीय तनहुँ जिल्ला समिति घोषणा गरीएको हो । सो समितिको सहसंयोजकमा नगेन्द्र शर्मा ढुंगाना चयन भएका छन् । यसैगरी, सदस्यहरुमा अविद मिश्र, उत्सव अधिकारी, भानु चापागाई, कपिल ढकाल, कृष्ण थापा, आकाश खनाल, कमल थापा, पुर्णकला पौडेल, सुशिला कैनी, दीपेन्द्र थापा, विमल केसी र भूमिका बराल आचार्य चयन भएका छन् । त्यसै गरी विवेकशील साझा पार्टी गण्डकी प्रदेशले शनिबार नै लमजुङस्थित बेसीशहरमा एक भेलाको आयोजना गरी युवा नेता तुलसीराम गुरुङको संयोजकत्वमा ८ सदस्यीय लमजुङ जिल्ला समिति घोषणा गरेको छ । सो समितिको सहसंयोजकमा मुनिन्द्र थापा चयन भएका छन् । यसैगरी सदस्यहरूमा डण्ड पाण्डे, तीर्थ गुरुङ, यशोदा दनाइ, विधुर अधिकारी, सन्तोष क्षेत्री र सम्बीद गुरुङ रहेका छन् ।



बिहान र अपरान्हगरी दुई फरक समयमा एकै दिन शनिबार नै आयोजित दुवै कार्यक्रममा विवेकशील साझा पार्टीका संगठन विभाग प्रमुख निर्देश सिलवाल, गण्डकी प्रदेशका संयोजक महेश भण्डारी, सचिवालय सदस्य सुमित्रा गुरुङ, केन्द्रीय सदस्यहरू सुशीला केसी अधिकारी, रजनी केसी, रोशनी अधिकारी, समुन्द्र केसी, सरोज गौतम, पवित्रा थापा, आशुतोष प्रधान, अर्जुनप्रसाद खनाल, चिरन्जीवी बराल, गण्डकी प्रदेश सदस्य भोला शर्मा, पार्टीका पुराना सदस्यहरु रमेश चिलुवाल र मनकाजी गुरुङ लगायतका नेताहरूले नवघोषित समितिहरुलाई शुभकामना तथा बधाइ सन्देश दिएका थिए ।

विवेकशील साझा पार्टी गण्डकी प्रदेशले यसअघि नवलपुर, कास्की र बागलुङ जिल्लाको समायोजन र बिस्तारलाई गरेको थियो भने चाँडै नै स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा समायोजन र बिस्तार गर्ने तयारीमा छ।



विदेशी तथा स्वदेशी पर्यटक : पोखराको फेवातालमा डुङ्गा शयर गर्दै विदेशी तथा स्वदेशी पर्यटक । तस्वीर : राधिका कँडेल

# स्थानीय पाठ्यक्रम बनाउने तयारीमा बन्दीपुर

**पोखरापत्र संवाददाता**
**दमौली, ८ चैत**

तनहुँको बन्दीपुर गाउँपालिका स्थानीय पाठ्यक्रम निर्माणका लागि जुटेको छ। आगामी शैक्षिक सत्र २०७८ मा लागू गर्ने गरी बन्दीपुरले स्थानीय पाठ्यक्रम निर्माणको तयारी गरेको हो ।

पाठ्यक्रम निर्माणका लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीको संयोजकत्वमा समिति गठन गरिएको छ। उक्त समितिमा विभिन्न विद्यालयका प्रधानाध्यापक र समाजसेवी सदस्य रहनुभएको छ।

आफ्नै पाठ्यक्रम निर्माण गरी आगामी शैक्षिक सत्रबाट लागू गर्ने नीतिअनुसार अहिले काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो । गाउँपालिकाभित्रका आर्थिक, सामाजिक, जातीय, सांस्कृतिक, धार्मिक, पर्यटकीय, ऐतिहासिक, कृषिलगायत क्षेत्रलाई समेटेर पाठ्यक्रम निर्माण गर्न लागिएको उहाँले बताउनुभयो ।

गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले सबै गाउँपालिकावासीको भावना समेटिने गरी पाठ्यक्रम निर्माण गरिने बताउनुभयो । पाठ्यक्रम निर्माणका क्रममा सबै क्षेत्रको सुझाव समेटिने उहाँले जानकारी दिनुभयो ।

# फेवा वेगनासको अध्यक्षमा महेश्वर रिमाल चयन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीको लायन वर्ष २०२१/२२ को अध्यक्षमा महेश्वर रिमाल निवार्चित हुनुभएको छ।

रिमालको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको निर्वाचन संयोजक तथा क्लवका संस्थापक अध्यक्ष समेत रहेका लायन्स क्लव अफ ३२५ बि १ नेपालका डिष्ट्रिक एडभाइजर सन्तोष घिमिरेले पोखरा न्युजलाई जानकारी दिनुभयो । व्यवसायिक क्षेत्रमा क्रियाशिल उहाँ वर्ष २०२०/२०२१ को प्रथम उपाध्यक्ष रहनुभएको थियो । जन्मथलो स्याङजा जिल्ला भएपनि कर्मथलो पोखरालाई बनाउनुभएको उहाँ सामाजिक क्षेत्रमा उतिकै सक्रिय हुनुहुन्छ । क्लबको प्रथम उपाध्यक्षमा राजाराम पौडेल, द्वितीय उपाध्यक्षमा कृष्ण प्रसाद आचार्य, तृतीय उपाध्यक्षमा राजेश ढुंगाना, सचिवमा चित्र गुरुङ, क्लब एडमिनिस्टेटरमा अनुप बराल, कोषाध्यक्षमा टिका बहादुर लम्साल, सहसचिवमा महेश सुनार र सहकोषाध्यक्षमा लेखनाथ सुवेदी चयन हुनुभएको छ। यसैगरी क्लब निर्देशकमा घनश्याम आचार्य, जीवन कार्की, दिपक भण्डारी, प्रवेश उप्रेती, ऋषिराम खनाल, हेमराज तिवारी, नवराज अधिकारी र मिन नेपाली रहनुभएको छ । लायन वर्ष २०१६/२०१७ मा स्थापना भएको यस क्लबको नेतृत्व सन्तोष घिमिरे, पुरुषोत्तम राज भण्डारी, विधान गौतम, टंक ढकालले कुशलतापूर्वक निर्वाह गरिसक्नुभएको छ । अहिले शंकर पाण्डेको नेतृत्वको समितिले काम गरिरहेको छ । क्लबका लायन वर्ष २०२०/२१ का अध्यक्ष शंकर पाण्डेको अध्यक्षतामा आयोजित निर्वाचन कार्यक्रममा लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ बि १ नेपालका प्रथम भाइस गर्भनर विशेश्वर आचार्य, ड्रिस्टिकका सिनियर एओजी बालकृष्ण बराल, ड्रिस्टिक एडभाइजरद्धय सन्तोष घिमिरे र दुर्गा कुमारी आचार्य, ड्रिस्टिक एओजी मोतीराज तिम्सीना, ड्रिस्टिक पिआरओ मधुसुधन कोइराला, जोन चियर पर्सन जित बहादुर थापा गोपाल, लायन्स क्लव अफ पोखरा विरौटा साझा चौतारीका निवार्चित अध्यक्ष गिता पराजुली, लायन्स क्लव अफ तनहुँ खैरनीटारका द्धितिय उपाध्यक्ष नारायण पोखेल, क्लवका नवनिर्वाचित अध्यक्ष महेश्वर रिमाल, निर्वाचित प्रथम उपाध्यक्ष राजाराम पौडेल, सचिव चित्र गुरुङले बोल्नुभएको थियो ।




# Pokhara Metropolitan City
## Office of Municipal Executive
### Newroad, Pokhara

## Invitation for Bids

**IFB No: 25/PMC/077-078, 18/PMC-Re/077-78, 20/PMC-Re/077-78**
**(Date of Publication: 2077/12/09)**

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara** invites online bids for NCB Contracts and Seal Quotations under e-procurement system from eligible bidders for the construction of *Projects mentioned below;*

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 25.1/PMC/ 077-078 | 71/PMC/NCB/ W/077-78 | Upgrading of AarupataLamashara Road, PMC- 28 | 3,000 | 104,000.00 | 3,561,933.73 | 120 days |
| 25.2/PMC/ 077-078 | 72/PMC/SQ/ W/077-78 | Upgrading of FewaMargaPMC-07 | 1,000 | 32,000.00 | 1,103,431.19 | 75 days |
| 18.4/PMC-Re/077-078 | 55/PMC-Re/SQ/ G/077-78 | Procurement and Supply of Mortuary Van 4WD on Custom Duty Free | 1,000 | 30,000.00 | 1,075,969.03 | 75 days |
| 20.2/PMC-Re/077-078 | 58/PMC-Re/SQ/ W/077-78 | Footpath Construction Works at DhungesanghuChhetra, PMC-17 | 1,000 | 37,000.00 | 1,292,811.64 | 75 days |
| 20.1/PMC-Re/077-078 | 57/PMC-Re/SQ/ W/077-78 | Rigid Pavement Works Infront of Nabhaprbhat School, PMC-09 | 1,000 | 37,000.00 | 1,286,685.06 | 75 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 05/04/2021 | 13:00 | 20/04/2021 | 17:00 | 21/04/2021 | 12:00 | 21/04/2021 | 13:00 |
| For SQ Contract | | | 05/04/2021 | 17:00 | 06/04/2021 | 12:00 | 06/04/2021 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, asspecified in the Bidding data sheet for provision of E-Bidding.Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
5. A new firm established by any person or manager of a firm or company that is black listed according to PPA will be ineligible to submitbids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO'swebsite.

**Chief Administrative Officer**


# थलिएको पर्यटन उठाउन पर्यटकीय गाउँमा 'हाइकिङ'

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ चैत**

कोरोना भाइरसका कारण थलिएको ग्रामीण पर्यटनलाई लयमा फर्काउन पर्यटकीय गाउँ भकुण्डेमा एक दिने पदयात्रा गरिएको छ।

जिल्लाको पहिलो घरबास रहेको भकुण्डेमा कोरोनाका कारण आन्तरिक पर्यटक आउन छाडेपछि अहिले उक्त गाउँ सुनसान छ । कोरोनाका कारण थलिएको पर्यटन उकास्नका लागि प्रचारप्रसार अभियानअन्तर्गत बागलुङ बजारदेखि भकुण्डेको बराहतालसम्म हाइकिङ गरिएको छ । समाजिक कार्यमा सक्रिय रोट्र्याक्ट क्लब अफ बागलुङले सञ्चालन गरेको रोट्र्याक्ट सप्ताहको दोस्रो दिन पर्यटकीय गाउँमा हाइकिङ गरिएको क्लबका अध्यक्ष ताराप्रसाद शर्माले जानकारी दिनुभयो ।

"कोरोनाले थलिएको पर्यटन व्यवसायलाई उकास्नका लागि हाइकिङ गरिएको हो", शर्माले भन्नुभयो "जिल्लाकै पहिलो ग्रामीण पर्यटनको केन्द्रको रुपमा चिनिएको भकुण्डेको प्रचारप्रसार र पर्यटकको आगमन बढाउनेछ ।" दुई घण्टाको पैदलयात्रामा बराहताल पुगेको हाइकिङमा सहभागी सुस्मिता केसीले जानकारी दिनुभयो । उहाँले बजार नजिकै रमणीयस्थान हेर्दै पदयात्रा गर्दा निकै आनन्द भएको बताउनुभयो । शर्माले हाइकिङपछि भकुण्डे पुग्ने पर्यटकको सङ्ख्यामा वृद्धि हुने अपेक्षा रहेको जनाउनुभयो ।




भकुण्डेको बराह ताल, दृश्यावलोकन स्तम्भ तथा मनोरम दृश्य र जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै रहेकाले यसलाई हाइकिङको रुटका रुपमा विकास गर्न आवश्यक रहेको हाइकिङमा सहभागी सौरभ केसीले जानकारी दिनुभयो ।

यही चैत १२ गतेसम्म विभिन्न रचनात्मक तथा सामाजिक कार्यका साथ सप्ताह सञ्चालन गरेको क्लबले जिल्लाको पर्यटन प्रवर्द्धन गर्नका लागि हाइकिङ गरेको हो । क्लबका अध्यक्ष शर्माको नेतृत्वमा २१ जनाको समूह उक्त एक दिनको पदयात्रामा सहभागी भएको क्लबले जनाएको छ । भकुण्डेमा स्थानीय उत्पादनबाट बनेको खाना तथा आतिथ्यताका लागि घरबाससमेत सञ्चालनमा रहेको छ । साताव्यापी रुपमा हुने कार्यक्रमअन्तर्गत तेस्रो दिन आज बानपा- ४ उपल्लाचौरमा रहेको उपल्लाचौर आधारभूत विद्यालयमा फस्टएड बक्स वितरण गरिने सप्ताहका मूल संयोजक सौरभ केसीले जानकारी दिनुभयो ।

त्यसैगरी चैत ९ गते नेपाल पत्रकार महासङ्घ बागलुङ र रोट्र्याक्ट क्लब अफ बागलुङकाबीचमा मैत्रीपूर्ण फुटसल, १० गते बोर्ड व्यस्थापन, ११ गते दुर्घटना न्यूनीकरणका लागि सहयोग पुर्‍याउन मोटरसाइकल र स्कुटरमा सन्देशमूलक स्टिकर टाँस गर्ने र १२ गते छात्रवृत्ति वितरणसहित समापन गरिने केसीले जानकारी दिनुभयो ।